Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

प.सं.२०८०/८१
च.नं.

**प्रस्तावमा आधारित व्यवसायिक कृषि बिकास कार्यक्रमको प्रस्ताव आवह्यनको पुनः सूचना ।**

दोश्रो पटक सूचना प्रकाशित मितिः २०८०/०९/०६ गते

यस कृषि ज्ञान केन्द्र सिरहाको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार इच्छुक उद्यमी/व्यबसायिक कृषक, उद्यमी/व्यवसायिक कृषक समूह/संघ संस्था, कृषि व्यबसायमा संलग्न सहकारी, कृषि व्यवसायमा संलग्न फर्म/उधमीहरु, कृषि क्षेत्रमा काम गर्ने उधोग/ कम्पनीहरुबाट सहकार्य प्रस्तावमा आधारित व्यवसायिक कृषि बिकास कार्यक्रम संचालनको लागि निर्धारण गरिएको बिषयगत क्षेत्रमा तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी पुनः थप सूचना प्रकाशित मितिले ७ औं दिन भित्र (मिति २०८०/०९/१२ गते सम्म) कार्यालय समय भित्र आई पुग्ने गरी खामबन्दी प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।त्यस पश्चात प्राप्त हुने प्रस्तावहरु परियोजना बैकमा राखिनेछ । यो कार्यक्रम कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७९ मा कृयाकलाप अनुसार तोकिएको अनुदान सिमा भित्र रहि संचालन हुनेछ ।रित नपुगेका प्रस्ताव छनौटका लागि समाबेश हुने छैन ।यो कार्यक्रमसंग सम्बन्धित सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । यस सम्बन्धमा थप जानकारी र आवेदन पत्रको ढाँचा यस कार्यालयको वेभसाईट www.akcsiraha.p2.gov.np मा प्राप्त गर्न सकिनेछ ।

**१. प्रस्ताव पेश गर्नुपर्ने विषयगत क्षेत्रहरुः**

१.१) कृषि उपजहरुको उत्पादन, प्रशोधन भण्डारण, संरक्षण तथा पूर्वाधार बिकास ।
१.२) कृषि योग्य बाँझो जग्गामा सामुहिक वा सहकारी व्यवसाहिक खेती ।
१.३) स्थापित कृषि फार्म/मोडल फार्महरुको स्तरोन्नती एवं आधुनिकिकरण ।

**२. प्रस्ताव साथ पेश गर्नु पर्ने विवरण र कागजातहरुः**

२.१) परियोजना प्रस्ताव (फाराम २ ख ) ढाँचामा रु.१०।टिकट टाँसेको ।
२.२) उद्यमी / व्यवसायिक कृषकको पान नं. र नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
२.३) उद्यमी/व्यवसायिक कृषक समूह/संघ संस्था, कृषि व्यबसायमा संलग्न सहकारी, कृषि व्यवसायमा संलग्न फर्म/उधमीहरुकृषि क्षेत्रमा काम गर्ने उधोग/ कम्पनीहरुको हकमा दर्ता/ नविकरण भएको र स्थाई लेखा नम्वर प्रमाण पत्रको प्रतिलिपी, आवेदन गर्ने अख्तियारी प्राप्त प्रतिनिधिको नागरिक्ता पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र, अद्यावधिक आ.व.२०७९/०८० को कर चुक्ता प्रमाणपत्र, निर्णय र लेखा परिक्षण प्रतिवेदन ।
२.४) परियोजना स्थलको नक्शा र GPS Code अनिवार्य ।
२.५) आफ्नो लगानी अनुपातको प्रतिवद्धता पत्र ।
२.६) उद्यमी/व्यवसायिक कृषक समूह/संस्था, कृषि व्यवसायमा संलग्न सहकारीहरु कृषि क्षेत्रमा काम गर्ने उद्योग/ कम्पनीहरुको हकमा परियोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणीको निर्णय प्रतिलिपि ।

**३. प्रस्ताव सम्बन्धि शर्तहरुः**

- एक व्यक्ति वा संस्थाले एक मात्र प्रस्ताव पेश गर्न पाउनेछ
- आर्थिक क्षमता नदेखिएका स्वतः रद्द हुनेछ ।
- थप कागजात माग गरेमा पेश गर्नु पर्नेछ । ती कागजात बुझाउन नसके छनौट/सम्झौता गरिने छैन ।
- दर्ता भएका प्रस्तावहरु खोलिए पछि कागजातहरुको अध्ययन तथा स्थलगत निरिक्षण पश्चात सम्भाव्यता र औचित्यको आधारमा मूल्यांकन गरी छनौट गरिनेछ ।

नरेन्द्र कुमार महासेठ
प्रमुख